प्रदेश सरकार

प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

पत्र संख्या:- २०७६/७७

चलानी नं.:-

मिति २०७६ चैत्र १२

## प्रेस विज्ञप्ति

नोवेल कोरोना भाईरस विश्वव्यापी महामारीको रुपमा देखा परेको बिषय विदितै छ। ३१ डिसेम्वर, २०१९ मा चीनमा देखा परेको यो भाईरसलाई विश्व स्वास्थ्य संगठन (WHO) ले ११ फेब्रेवरी, २०२० मा COVID-19 भनी नामाकरण गरेको छ। हाल यो भाईरस विश्वका अधिकांश देशमा फैलिएको छ। नेपालमा हाल यसको अत्यधिक प्रभाव नदेखिए पनि यो विश्वव्यापी रुपमा जुन गतिमा महामारीको रुपमा फैलिएको छ, त्यसले हाम्रो प्रदेश र समग्र नेपालमा कुनै पनि समयमा नकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ। यसर्थ **COVID – 19** को जोखिम न्यूनिकरणका लागि संस्थागत एंव सामुहिक प्रयास अपरिहार्य रहेको छ। कोरोना भाईरस रोकथाम र नियन्त्रणका लागि प्रदेश सरकारले विभिन्न कार्यक्रमहरु अगाडी सारेको छ। प्रदेश सरकारले नेपाल भारत सीमामा आउने व्यक्तिहरुलाई जाँच र जिल्ला र पालिकाहरुमा क्वारेन्टाईनको व्यवस्था गरेको छ। प्रदेश अन्तर्गतका अस्पताल र स्वास्थ्य संस्थाहरुमा जिम्मेवार अधिकृतहरु तोकि विरामीहरुको परिक्षण गर्ने व्यवस्था गरेको छ। यसै सन्दर्भमा कोरोना भाईरस फैलिन नदिन प्रदेश नं ५ मा रहेका सबै निकायहरुबाट प्रदेश सरकारले सक्रिय सहभागिता र योगदानको अपेक्षा गरेको छ। कोरोना भाईरसको रोकथाम र नियन्त्रणको लागि प्रदेश सरकारले तयार गरेको प्रदेश सरकार, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय लगायतको तहगत तथा संस्थागत कार्यजिम्मेवारी तथा प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/१० गतेको कोरोना भाईरस नियन्त्रणको पूर्व तयारी, प्रतिकार्य र नियन्त्रणको लागि गरेको निर्णय समेत यसैसाथ संलग्न छ।

प्रवक्ता एवम् प्रदेश सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

प्रदेश नं ५ बुटवल

## कोरोना भाईरस (COVID-19)को प्रतिकार्य, नियन्त्रण तथा रोकथामका लागि तहगत तथा संस्थागत कार्यजिम्मेवारी

**पृष्ठभुमी :**

कोरोना मानव जातिमा हालैमात्र पहिचान भएको नयाँ प्रकारको भाईरस हो। चिसो मौसममा बढी सक्रिय हुने यो भाइरसले सामान्यतया रुघाखोकीदेखि गम्भीर प्रकारको श्वासप्रश्वास समस्या Severe Acute Respiratory Syndrome (SARS) तथा Middle East Respiratory Syndrome Corona Virus (MERS- CoV) सम्म गराउन सक्दछ।

यो भाईरस सर्वप्रथम चीनको वुहानमा देखा परेको थियो। नोवल कोरोना भाईरस सर्बप्रथम चिनले विश्व स्वास्थ्य संगठनमा ३१ डिसेम्बर,२०१९ मा प्रतिवेदन गरे पछि जानकारीमा आएको थियो । त्यस पछि यो विषय जनस्वास्थ्यको संकटको रुपमा अन्तराष्ट्रिय चासोको रुपमा देखा पर्यो । ११ फेब्रुअरी २०२० मा विश्व स्वास्थ्य संगठनले यसको नाम COVID-19 राखिएको घोषणा गर्यो । हाल यो भाईरस विश्वका अधिकाशं देशमा फैलिएको छ ।

नेपालमा हाल सम्म गरिएका परीक्षण जम्मा २ जनामा मात्र कोरोना भाईरसको संक्रमण देखिएको छ । नेपालमा हाल यसको प्रभाव नदेखिए पनि यो विश्वव्यापी रुपमा जुन गतिमा फेलिएको छ त्यसले नेपालमा पनि कुनै पनि समयमा यसको संक्रमण व्यापक हुनसक्ने देखिन्छ ।यसर्थ, COVID – 19 को जोखिम न्यूनिकरणका लागि तहगत तथा संस्थागत प्रयास अपरिहार्य छ ।

तसर्थ, कोरोना भाइरसको नियन्त्रण तथा उपचार समेतका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न निर्णयहरु भएका छन भने सोको प्रतिकार्य, नियन्त्रण र रोकथामका लागि प्रदेश, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकाय लगायतको तहगत तथा संस्थागत कार्यजिम्मेवारी देहायबमोजिम तोकिएको छ ।

### क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| क्र. सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | नेपाल सरकार, प्रदेश सरकार तथा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकले गरेका निर्णयहरु कार्यान्वयनको व्यवस्था मिलाउने । कार्यान्वयन भए नभएको बारेमा नियमित अनुगमन गर्ने । | सवै मन्त्रालय<br>जिल्ला प्रशासन कार्यालयहरु |
| २ | स्वास्थ्य उपकरण तथा औषधीहरु नियमित आपूर्ति भए नभएको अवस्था विश्लेषण गरी आपूर्ति व्यवस्थापनमा सहजीकरण गर्ने | प्रमुख जिल्ला अधिकारी तथा जिल्ला स्वास्थ्य कार्यालयहरु |

| | | |
|---|---|---|
| ३ | कोरोना भाइरसका कारण भएको वन्दबाट जनजिवनमा पर्ने नकारात्मक प्रभाव विश्लेषण गर्ने । वजारमा अत्यावश्यक सामग्रीहरुको कृत्रिम अभाव हुन नदिन नियमित अनुगमनलाई व्यवस्थित वनाउने । | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र अन्तर्गत निकायहरु र जिल्ला प्रशासन कार्यालय |
| ४ | नेपाल सरकार र स्थानीय तहहरुसँग निर्णय कार्यान्वयनसम्वन्धमा नियमित समन्वयको व्यवस्था मिलाउने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ५ | अत्यावश्यक सेवाप्रवाह गर्ने वाहेकका कार्यालयका आवश्यक कर्मचारीहरुलाई मात्र कार्यालयमा हाजिर हुन निर्देशन दिने । | सवै मन्त्रालय र मातहत कार्यालयहरु |

**ख. सामाजिक विकास मन्त्रालय**

| क्र. सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | प्रदेशस्तरीय Rapid Response team गठन गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | Isolation Hospital स्थापना गर्ने र संचालन तथा व्यवस्थापनको व्यवस्था मिलाउने । | Isolation अस्पताल स्थापना, संचालन र व्यवस्थापन समिति |
| ३ | क्वारेण्टाइन कक्षहरु स्थापनाका लागि अन्य निकायहरुसँग समन्वय गरी स्थापना गर्ने | स्थानीय तह र जिल्ला प्रशासन कार्यालय |
| ४ | प्रदेशमा आवश्यक औषधीहरुको नियमित आपूर्तिको व्यवस्था मिलाउने | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५ | कोरोना रोगको परिक्षण तथा उपचारका लागि आवश्यक स्वास्थ उपकरणहरु अन्य निकायसँगको समन्वयमा प्राप्ति गर्ने र आवश्यक भए खरिद प्रकृया अविलम्व शुरु गर्ने । | विभिन्न संघसंस्था |
| ६ | Isolation Hospital मा आवश्यक प्राविधिक जनशक्ति एवम् स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७ | संभावित कोरोना भाइरस संक्रमितहरुको नियमित जाँच हुने व्यवस्था मिलाउने । | निजी तथा सामुदायिक अस्पताल, मेडिकल कलेज |
| ८ | प्रदेशमा छुट्टै प्रयोगशाला स्थापना गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ८ | कोरोना रोग नियन्त्रण तथा रोकथामका लागि खटिने स्वास्थ्य तथा अन्य प्राविधिक जनशक्तिलाई प्रोत्साहनको व्यवस्था गर्ने । आवश्यकताबमोजिम Positive Counseling गर्ने । | मुख्यमन्त्री तथा म. प. कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, अन्तर्गतका तालिम केन्द्रहरु |
| १० | निजी तथा सामुदायिक अस्पताल र मेडिकल कलेजहरुलाइ रोग | जिल्ला प्रशासन कार्यालय |

| | | |
|---|---|---|
| | नियन्त्रण र प्रतिकार्यमा सक्रिय वनाउने । सहयोग नगर्ने संघसंस्थाहरुको विवरण तयार गरी आवश्यक कानूनी कारवाहीको प्रक्रिया अगाडि वढाउने । | |
| ११ | आमजनतामा सरसफाइ, मास्क तथा स्यानेटाइजरको प्रयोग विधिका विषयमा जनचेतनामूलक सन्देश प्रवाह गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह |
| १२ | मेडिकल कलेजमा पढदै गरेका विद्यार्थिलाई सचेतना तथा प्राविधिक जनशक्ति आवश्यक भएको स्थानमा परिचालन गर्ने । | मेडिकल कलेजहरु |

**ग. आन्तरिक मामिला तथा कानून मन्त्रालय**

| क्र. सं | क्रियाकलाप | सहयोगी निकाय पदाधिकारी |
|---|---|---|
| १ | रेडियो टिभि तथा पत्रपत्रिकाको माध्यमबाट कोरोना रोगबाट बच्नका लागि अपनाउनु पर्ने सावधानीका विषयमा सचेतना सावधानी र स्वच्छताको सन्देश प्रवाह गर्ने । | सामाजिक विकास मन्त्रालय, नेपाल पत्रकार महासंघ |
| २ | प्रदेशमा रहेका एम्वुलेन्सहरुको जिल्लागत सूची तयार गर्ने । हरेक जिल्लामा एक एम्वुलेन्स तयारी अवस्थामा रहने व्यवस्थाका लागि प्रमुख जिल्ला अधिकारीहरुसँग समन्वय गरिराख्ने । | प्रमुख जिल्ला अधिकारी |
| ३ | भारतीय सीमाबाट नेपाल भित्रिने नेपाली तथा अन्य देशका नागरिकहरुको नियमित चेकजाँचको व्यवस्था मिलाउने | सामाजिक विकास मन्त्रालय |
| ४ | भारतबाट नेपाल भित्रिने सवारी साधन तथा मालवाहक यातायातका साधनको नियमित sanitization हुने व्यवस्था गर्ने । | सुरक्षा निकाय |
| ५ | देहायका विषयमा सार्वजनिक संचारमाध्यमबाट सूचनामूलक सन्देश प्रवाह गर्ने<br>- वृद्धवृद्धा तथा विरामी मानिसहरुलाइ अधिक भेटघाट नहुन, अत्यावश्यक वाहेक घरवाट वाहिर ननिस्कन र सावधानी अपनाउन अनुरोध गरी सन्देशमूलक सूचनाहरु सार्वजनिक संचारका माध्यमवाट प्रवाह हुने व्यवस्था मिलाउने ।<br>- नोभल कोरोना भाइरसको संक्रमण र यसबाट पर्ने मनोवैज्ञानिक डर र त्रासको नकारात्मक प्रभाव वारे सचेतनामूलक सन्देश । | सामाजिक विकास मन्त्रालय |
| ६ | संभावित संक्रमितलाई आइसोलेसनमा रेफर गरी पठाएको र सम्वन्धित अस्पतालले विरामी वुझेको अभिलेख अद्यावधिक गरी राख्ने । | जिल्ला प्रशासन कार्यालय |
| ७ | कोरोना भाइरसको सूचना संप्रेषण तथा सुरक्षाका लागि छुट्टै सूचना प्रणाली वनाउने । | सामाजिक विकास मन्त्रालय |

| | | |
|---|---|---|
| ८ | प्रदेशस्थित सवै जिल्ला प्रशासन कार्यालयहरुवाट कोरोना भाइरससँग सम्वन्धित सूचना तथा विवरणहरु नियमित प्राप्त गरी अवस्था विश्लेषण गर्ने | जिल्ला प्रशासन कार्यालय |
| ९ | प्रदेश विपद व्यवस्थापन निर्देशक समितिको वैठक आयोजना तथा कोष परिचालन गर्ने व्यवस्था मिलाउने | समिति |
| १० | प्रदेशस्तरमा आपतकालिन अवस्थाका लागि आवश्यक एम्वुलेन्स तयारी अवस्थामा राख्ने । | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय |

**घ. जिल्ला प्रशासन कार्यालय**

| क्र. सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | Isolation अस्पताल स्थापना, संचालन र व्यवस्थापनमा सहजीकरण गर्ने, | सामाजिक विकास मन्त्रालय |
| २ | जिल्लामा देखिएका संकास्पद संक्रमितहरुलाई Counseling गरी Quarantine मा रहने व्यवस्था गर्ने ।संकास्पद विरामीको अभिलेख राख्ने व्यवस्था मिलाइ सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने । | जिल्लास्थित अस्पतालहरु र स्थानीय तह |
| ३ | नेपाल सरकार तथा प्रदेश सरकारबाट भएका निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने | सुरक्षा निकाय र सबै सरोकारवाला निकाय |
| ४ | प्रभावकारी बजार अनुगमन र नियमित आपूर्तिको व्यवस्था मिलाउने । | जिल्ला घरेलु कार्यालय, सुरक्षा निकाय |
| ५ | जिल्लास्तरमा उपचारको व्यवस्था मिलाउने । आवश्यक भए Isolation अस्पतालमा Refer गर्ने व्यवस्था गर्ने । | स्थानीय तह, सवै अस्पताल, मेडिकल कलेज |
| ६ | भारतीय सिमासँग जोडिएका जिल्लाहरुको नियमित सिमा गस्ती, आवतजावतलाई व्यवस्थित गरी अभिलेख राख्ने र सेनेटाइजेशनको व्यवस्था मिलाउने, | सुरक्षा निकाय |
| ७ | बदलिदो परिस्थितीमा हुने अपराध नियन्त्रण र सुरक्षा व्यवस्थापनमा Special Task Force बनाई परिचालन गर्ने, | सुरक्षा निकाय |
| ८ | २०७६।११।२९ र १२।०७ मा माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा बसेको उच्च स्तरीय बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए नभएको अवस्थाको नियमित अनुगमन गरीमुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी पठाउने, | |
| ९ | जिल्लामा Lock Down गर्नुपर्ने अवस्था सृजना हुनसक्ने हुँदा भौगोलिक अवस्थाको विश्लेषणात्मक विवरण बनाई राख्ने र लकडाउन गर्न आवश्यक भए प्रदेश सरकारसँगको समन्वय र स्वीकृतीमा गर्ने, | सुरक्षा निकाय |

| | | |
|---|---|---|
| १० | प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित Rapid Response Team का सवै सदस्यलाई समिति गठनका वारेमा जानकारी गराइ समितिलाई सक्रिय वनाउने । | |
| ११ | नेपाल सरकार वा प्रदेश सरकारबाट घोषणा हुने Lockdown को कार्यान्वयन गर्ने गराउने । | सुरक्षा निकाय |

**ङ. उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका**

| क्र सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | Quarantine कक्षहरु र स्वास्थ्यकर्मीको व्यवस्था गर्ने, | सामाजिक विकास मन्त्रालय |
| २ | वडाबाट Refer भएका कोरोना लक्षणयुक्त बिरामीलाई Isolation उपचार कक्षमा उपचारको व्यवस्था मिलाउने | Isolation अस्पताल,<br>जिल्ला प्रशासन कार्यालय |
| ३ | अत्यावश्यक औषधी लगायत, प्रतिकार्य सामाग्रीको व्यवस्था गर्ने, | सामाजिक विकास मन्त्रालय |
| ४ | बजार अनुगमन र कालो बजारी नियन्त्रण गर्ने, | जिल्ला प्रशासन कार्यालय |
| ५ | खाद्यान्न लगायत अत्यावश्यक वस्तु तथा सेवाको नियमित आपूर्तिको व्यवस्था गर्ने, | जिल्ला प्रशासन कार्यालय |
| ६ | कोरोना भाइरस सम्बन्धित सूचना प्रवाहका लागि Focal Person तोक्ने, | |
| ७ | पालिकास्तरमा भएका एम्बुलेन्सहरुको विवरण तयार गरी चालक सहित तयारी अवस्थामा राख्ने, | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय |
| ८ | अत्यावश्यक अवस्थामा यातायातका सवारी साधन चलाउनु पर्ने भएमा सेनेटाइजेशनको व्यवस्था मिलाउने, | सुरक्षा निकाय |
| ९ | आवश्यकता अनुसार स्थानीयतह वा कुनै वडालाई Lockdown गर्नु परेमा सोको कार्ययोजना सहित निर्णयका लागि प्रमुख जिल्ला अधिकारी मार्फत प्रदेश सरकारमा सिफारिस गर्ने, | प्रमुख जिल्ला अधिकारी |
| १० | सिमा क्षेत्रका स्थानीयतहहरुले सिमाबाट आवतजावतलाई कडाईको साथ निगरानी गर्ने । | सुरक्षा निकाय |
| ११ | नेपाल सरकार र प्रदेश सरकारले गरेका निर्णयहरु तत्काल कार्यान्वयनको व्यवस्था मिलाउने, | |

**च. वडा कार्यालय**

| क्र सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | वडा सदस्यको नेतृत्वमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, अन्य कर्मचारी र | वडा कार्यालय |

| | | |
|---|---|---|
| | शिक्षकको सहभागिता रहेको सचेतना प्रवाह गर्ने समिति गठन गर्ने। | |
| २ | Self-Quarantine को अनुगमन तथा सहजीकरण गर्ने | नगरपालिका/गाउँपालिका |
| ३ | स्थानीय निजी तथा गैरसरकारी क्षेत्रका संस्थाको परिचालन गर्ने, | नगरपालिका/गाउँपालिका |
| ४ | भिड नियन्त्रण, प्रचार प्रसार, सचेतनाको काम गर्ने, | नगरपालिका/गाउँपालिका<br>सुरक्षा निकाय |
| ५ | गाउँ घर वरपर सरसफाई गर्ने व्यवस्था मिलाउने | नगरपालिका/गाउँपालिका |

**छ. सुरक्षा निकाय**

| क्र सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | नेपाल सरकारको निर्णयबमोजिम सीमा नाका वन्द गर्ने | जिल्ला प्रशासन कार्यालय |
| २ | सार्वजनिक यातायातका साधनमा अनिवार्य sanitization भए नभएको एकिन गरी मात्र यात्रु चढने व्यवस्था मिलाउने | |
| ३ | कोराना भाइरसको कारण हुने Lockdown को समयमा हुनसक्ने लुटपाट, चोरीडकैती लगायत शान्ती सुरक्षाका विषयमा विशेष ध्यान दिने | जिल्ला प्रशासन कार्यालय |
| ४ | जुनसुकै समयमा पर्न सक्ने आपतकालिन उद्धारका लागि तयारी अवस्थामा रहने । आफुसँग रहेका एम्वुलेन्स तथा सवारी साधनहरु तयारी अवस्थामा राख्ने । | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह |
| ५ | सार्वजनिकस्थल वाटो तथा अन्य स्थानहरुमा नेपाल सरकारबाट तोकिएको संख्याभन्दा वढी भिडभाड हुन नदिने | जिल्ला प्रशासन कार्यालय र स्थानीय तह |
| ६ | शंकास्पद देखिएका विरामीहरु भाग्न नदिने, आवश्यकता अनुसार संझाइवुझाइ Quarantine मा वस्नका लागि सहजीकरण गर्ने | सामाजिक विकास मन्त्रालय र जिल्ला प्रशासन कार्यालय |
| ७ | Lockdown घोषणा भएमा त्यसको कार्यान्वयन गर्ने, गराउने | सुरक्षा निकाय |

**२. कोरोना भाइरसको नियन्त्रण प्रतिकार्य र उपचारका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६/१२/१० मा भएका मुख्यमुख्य निर्णयहरु :**

क. निर्माणाधिन र नयाँ निर्माण हुने Isolation अस्पतालको स्थापना, संचालन र व्यवस्थापन समेतका लागि देहायबमोजिमको **स्थापना, संचालन र व्यवस्थापन समिति** गठन गर्ने ।

**१. लुम्विनी प्रादेशिक अस्पताल, वुटवल**

| | |
|---|---|
| मन्त्री, उद्योग, पर्यटन, वन तथा वा. मन्त्रालय | संयोजक |
| नगर प्रमुख, वुटवल उ.म.न.पा. | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय रुपन्देही | सदस्य |

| | |
|---|---|
| महाशाखा प्रमुख, (स्वास्थ्य) सामाजिक विकास मन्त्रालय | सदस्य |
| प्रमुख देवदह मेडिकल कलेज | सदस्य |
| मे. सु., लुम्विनी प्रादेशिक अस्पताल वुटवल | सदस्य सचिव |

**२. भीम अस्पताल, भैरहवा**

| | |
|---|---|
| मन्त्री सामाजिक विकास मन्त्रीज्यू | संयोजक |
| प्रमुख, सिद्धार्थनगर नगरपालिका | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, रुपन्देही | सदस्य |
| निर्देशक, स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र | सदस्य |
| प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय रुपन्देही | सदस्य |
| प्रमुख यनिभर्सल कलेज अफ मेडिकल साइन्सेज भैरहवा | सदस्य |
| मे. सु., भीम अस्पताल | सदस्य सचिव |

**३. केन्द्रिय आर्युवेद विद्यापिठ बेलझुण्डी, तुल्सीपुर-१९, दाङ**

| | |
|---|---|
| मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | संयोजक |
| प्रमुख, घोराही उ.म.न.पा. | सदस्य |
| प्रमुख, तुल्सीपुर उ.म.न.पा. | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, दाङ | सदस्य |
| निर्देशक, स्वास्थ्य निर्देशनालय वुटवल | सदस्य |
| प्रमुख, राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय दाङ | सदस्य |
| डिन, आयुर्वेद अध्ययन संस्थान ने. सं. विश्वविद्यालय | सदस्य |
| मे.सु., राप्ति प्रादेशिक अस्पताल | सदस्य सचिव |

**४. सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल, खजुरा गा.पा., वाँके**

| | |
|---|---|
| मन्त्री, भौतिक पुर्वाधार विकास मन्त्रालय | संयोजक |
| प्रमुख, नेपालगञ्ज उ.म.न.पा. | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, वाँके | सदस्य |
| अध्यक्ष, खजुरा गाउँपालिका | सदस्य |
| व. जनस्वास्थ्य प्रशासक, स्वास्थ्य निर्देशनालय | सदस्य |
| प्रमुख, क्यान्सर अस्पताल नेपालगञ्ज | सदस्य |
| प्रमुख, नेपालगञ्ज मेडिकल कलेज | सदस्य |
| प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, वाँके | सदस्य |
| मे. सु., भेरी अस्पताल | सदस्य सचिव |

ख. समितिको कार्यक्षेत्रगत विवरण ( Terms of Reference) देहायबमोजिम तोक्ने ।

१. तोकिएको जिम्मेवारी भित्रको क्षेत्रमा यथासक्य Isolation अस्पताल स्थापना गर्ने ।
२. अस्पतालका लागि आवश्यक सामग्री सूची तयार गरी सोको अनुमोदन गर्ने, खरिदका लागि सहजीकरण गर्ने ।
३. अस्पतालको संचालन कार्ययोजना तयार गरी सोही बमोजिम संचालन गर्ने ।
४. अस्पतालका लागि आवश्यक सामग्री व्यवस्थापन गर्ने गराउने
५. अस्पताल संचालनका लागि आवश्यक जनशक्तिको सूची अनुमोदन गरी जनशक्ति व्यवस्थापन गर्ने। यसको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालयमा गराउने ।
६. अत्यावश्यक कर्मचारीहरु स्थायीबाट पूर्ति हुन नसकेको अवस्थामा मात्र नियमानुसार परामर्श सेवामा कर्मचारी व्यवस्था गर्ने ।
७. अस्पतालको कार्यसंचालनका लागि कुनै वाधा अडचन देखिएमा वाधा अडकाउ फुकाउने ।
८. अस्पतालबाट संचालन भईरहेका कार्यहरुको प्रभावकारी कार्यसम्पादन भए नभएको अनुगमन गरी आवश्यक व्यवस्था गर्ने ।
९. अस्पताल संचालनका क्रममा आवश्यक निजी तथा सामुदायिक अस्पताल र मेडिकल कलेजहरुसँग आवश्यक सहयोग प्राप्त गर्ने ।

ग. स्थापना, संचालन र व्यवस्थापन समितिका सदस्य सचिवको कार्यविवरण ( Terms of Reference) देहायबमोजिम तोक्ने ।

१. Isolation अस्पतालको स्थापनाका लागि आवश्यक बजेट अनुमान गर्ने ।
२. अस्पतालका लागि आवश्यक सामग्री सूची तयार गरी त्यस्ता सामग्रीहरु प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र र अन्य सम्वन्धित निकायसँग माग गरी व्यवस्था गर्ने ।
३. समितिको निर्देशन बमोजिम अस्पतालका लागि नियमानुसार आवश्यक सामग्री खरिद गर्ने ।
४. अस्पतालका लागि विनियोजित बजेटको नियमानुसार लेखापालन गर्ने, गराउने ।
५. अस्पतालका लागि प्राप्त बजेट खर्च गरी नियमानुसार लेखापरिक्षण गर्ने, गराउने ।
६. समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

घ. Isolation अस्पताल स्थापना, संचालन तथा व्यवस्थापनका लागि समितिको सदस्य सचिव कार्यरत रहेको कार्यालयमा नियमानुसार खर्च गर्ने गरी सामाजिक विकास मन्त्रालयले हरेक अस्पतालका लागि रु दुई करोडका दरले बजेट उपलब्ध गराउने ।

२. कोरोना भाईरस (COVID -19) नियन्त्रण तथा उपचार कोष सम्वन्धमा देहायबमोजिम गर्ने ।

क. कोरोना भाईरस (COVID -19) नियन्त्रण तथा उपचार कोष स्थापना गर्ने र उक्त कोषमा प्रदेश सरकारले रु १० (दश) करोड रुपैयाँ उपलब्ध गराउने । उक्त रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले कोषको खातामा जम्मा गर्ने ।

ख. आर्थिक मामिला तथा योजना मन्त्रालयले कोष संचालनका लागि तयार गरेको संलग्न "कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका २०७६" स्वीकृत गर्ने ।

ग. Isolation अस्पताल स्थापना, संचालन र व्यवस्थापन समितिको सदस्य सचिव कार्यरत रहेको कार्यालयले नियमानुसार खर्च गर्नेगरी कोषबाट आवश्यक रकम माग गर्ने ।

घ. प्रदेश सरकारका मा. मुख्यमन्त्री र विभागिय मन्त्रीहरुको एक-एक महिनाको तलव कोषमा जम्मा गर्ने । अन्य व्यक्ति तथा संघ/संस्थालाई स्वेच्छिक योगदानका लागि अनुरोध गर्ने ।

३. प्रोत्साहन भत्ता सम्वन्धमा ।

क. Isolation अस्पतालमा खटिने डाक्टर र स्वास्थ्यकर्मीलाई शुरु तलवस्केल बरावरको शतप्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

ख. Isolation अस्पतालमा खटिने सुरक्षाकर्मीलाई शुरु तलवस्केलको पचास प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

ग. Isolation अस्पतालमा खटिने जनशक्तिहरुको अभिलेख राखी सोको एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउने ।